# मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड

## सातौं बार्षिक साधारण सभा बैठकको निर्णय (माइन्यूट)

(आ.व. २०८१/०८२)

(राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको नेपाल राष्ट्र बैंक बाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था)

**केन्द्रीय कार्यालय बनेपा-१३, साँगा काभ्रेपलाञ्चोक**

मानुषी लघुवित्त वित्तीय संस्था लि. को मिति २०८३ जेष्ठ २२ गते, शुक्रवार बसेको सञ्चालक समितिको १०८ औं बैठकको निर्णय अनुसार वित्तीय सस्थाको **सातौं बार्षिक साधारण सभा**को प्रथम पटक सूचना मिति **२०८३/०२/२३** गते, शनिवार, **नागरिक दैनिक**, दोस्रो **पटक** मिति **२०८३/०३/२६** गते, मंगवार **नेपाल** समाचारपत्र दैनिक र मिति **२०८३/०३/०४** गते, बिहीवार, नेपाल समाचारपत्र दैनिकमा प्रकाशित भएको थियो । कम्पनी ऐन २०६३ को दफा ६७ र बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रबन्धपत्र र नियमावलीमा तोकिए बमोजिम यस संस्थाको सञ्चालक समितिका अध्यक्ष श्री **पद्मासना शाक्यज्यु**को सभापतित्वमा पूर्व सुचित बिषयहरुमा छलफल तथा निर्णहरु भई देहाय बमोजिम वित्तीय संस्थाको **सातौं बार्षिक साधारण सभा** सु-सम्पन्न भयो ।

**(१) साधारण सभा हुने मिति, समय र स्थानः**

सभा हुने मिति : २०८३ साल आषाढ १३ गते, शनिवार (तदनुसार जुन २७, २०२६)

सभा हुने समय : बिहान १०:३० बजे ।

सभा हुने स्थान : होटल उग्रचण्डी, बनेपा नगरपालिका वडा नं. ७, काभ्रेपलाञ्चोक

**२. सभाको वैधानिकताः**

कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२), तथा संस्थाको नियमावलीको परिच्छेद ३ अनुसार बोलाईएको यस **सातौं बार्षिक साधारण सभामा** कम्पनी ऐन, २०६३ को दफा ७३ (२), संस्थाको नियमावलीको परिच्छेद ३ नियम २३ बमोजिम बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनी स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित भएमा साधारण सभाको कारवाही शुरु हुने भन्ने व्यवस्था भएको हुँदा यस सभामा कूल शेयर संख्याको अर्थात १०९३७५० कित्ता सेयरको **५३.३०४** प्रतिशत हुन आउने शेयरको **५८३,०१३** कित्ता शेयरको प्रतिनिधित्व र कूल संस्थापक शेयरधनीहरु ४९ जना मध्ये २१ जनाको स्वयम् उपस्थित तथा प्रोक्सी प्रतिनिधिद्वारा ६ जना उपस्थित गरी जम्मा संस्थापक शेयरधनीहरुतर्फ २७ जना र सर्वसाधारणतर्फ कुल सेयरधनी संख्या १८९७४ मध्ये २३ जना स्वयम उपस्थित ४८ जना प्रोक्सी गरी जम्मा ७१ जना प्रतिनित्वद्धारा जम्मा ३०१३ कित्ता शेयरको प्रतिनिधित्व भएको हँदा कम्पनी ऐन, २०६३ को दफा ६९ अनुसार यस कम्पनीको यस सभा गर्न पूर्ण बैधानिकता पुगेको जानकारी संस्थाका कम्पनी सचिव श्री **शोभा**

| विवरण | | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|---|
| कुल शेयर संख्या | शेयरधनी संख्या | ४९ | १८९७४ | १९०२३ |
| | शेयर रकम | ७००,००,००० | ३९३,७५,००० | १,०९३,७५,००० |

| बिवरण | संस्थापक | सर्बसाधारण | जम्मा |
|---|---|---|---|
| स्वंय तथा प्रतिनिधि मार्फत उपस्थित शेयरधनी संख्या | २७ | ७१ | ९८ |
| स्वंय तथा प्रतिनिधि मार्फत शेयर कित्ता | ५८०,००० | ३०१३ | ५८३,०१३ |
| **उपस्थित शेयर संख्याको प्रतिशत** | ५३.०२९ | ०.२७५ | ५३.३०४ |

## ३. उपस्थितिः

### ३.१ बार्षिक साधारण सभामा सञ्चालकहरुको उपस्थितीः

कम्पनी ऐन २०६३ को दफा ६८ अनुसार कम्पनीको साधारण सभामा सञ्चालकहरु यथासम्भव स्वंय उपस्थित हुनु पर्नेछ भन्ने व्यवस्था भए बमोजिम देहाय अनुसारका सञ्चालकहरुको उपस्थिती रहेको थियो

| क.स. | सञ्चालकहरुको नाम | पद | प्रतिनिधित्व | ग्रहण गरेको शेयर सख्या |
|---|---|---|---|---|
| १ | श्री पद्मासना शाक्य | अध्यक्ष | संस्थापक | १५,००० |
| २ | श्री नबिना धाख्वा (शाक्य) | सञ्चालक | संस्थापक | १०,००० |
| ३ | श्री बिणा श्रेष्ठ | सञ्चालक | संस्थापक | ४,००० |
| ४ | श्री पदम प्रसाद घिमिरे | सञ्चालक | सर्बसाधारण तर्फ | ३८० |
| ५ | श्री तारा कुमार रिजाल | सञ्चालक | सर्बसाधारण तर्फ | ११४ |

### ३.२ पदाधिकारीहरुको उपस्थितिः

| | | |
|---|---|---|
| १ | श्री शोभा बज्राचार्य | प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव |

### ३.३ अन्य पदाधिकारी  तथा एबं पर्यवेक्षकहरुको उपस्थिति:

| क.स. | नाम | पद |
|---|---|---|
| १. | पुर्ब सञ्चालक सदस्य श्री दिव्यतारा तुलाधर | संस्थापक शेयरधनी तर्फबाट |
| २ | संस्थाको केन्द्रीय कार्यालयको कर्मचारीहरु तथा अन्य पर्यवेक्षकहरु | नेपाल एसबिआई मर्चेन्ट बैकिङ्ग लि. का कर्मचारी प्रतिनिधिहरु, Operations Head श्री केदार प्रसाद पुडासैनी, संस्थाका कर्मचाहरु श्री कमल श्रेष्ठ, श्री मुरारी सापकोटा, कृष्ण प्रसाद न्यौपाने , श्री सुबास धिताल, श्री हरिशरण गिरी, श्री सुजित शाक्य, लक्ष्मी पोखरेल तथा अन्य उपस्थित अतिथि ज्युहरु । |

### ४. सभामा प्रस्तुत छलफलका विषयहरु :

सातौं बार्षिक साधारण सभामा शेयरधनीहरुको जानकारीका लागि प्रकाशन गरिएको सूचना र वित्तीय संस्थाले शेयरधनीहरुलाई वितरण गरेको वार्षिक प्रतिवेदनमा उल्लेख गरिए बमोजिम यस वार्षिक साधारण सभामा छलफलका विषयहरु देहाय बमोजिम रहेका थिए ।

### सातौं बार्षिक साधारण सभाका छलफल तथा निर्णयका लागि निर्धारित बिषयसूची:

(क) साधारण प्रस्तावहरु:

(१) आ.व. २०८१/२०८२ को सातौं बार्षिक साधारणको लागि संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।

(२) लेखा परीक्षकको प्रतिवेदन सहितको मिति २०८२ आषाढ मसान्तको बासलात, आ.व. २०८१/२०८२ को नाफा नोक्सान हिसाव तथा नगद प्रबाह विवरण र सोही अवधिको बार्षिक वित्तीय विवरणसंग सम्बद्ध अनुसूचीहरु समेत छलफल गरी पारित गर्ने सम्बन्धमा ।

(३) बैक तथा वितीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६३ र कम्पनी ऐन २०६३ को दफा १११ अनुसार यस वितीय संस्थाको आ.व.२०८२/२०८३ को लेखा परीक्षक नियुक्ति गर्ने र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

(४) सर्वसाधारण शेयरधनीहरुको तर्फबाट २ जना सञ्चालकहरुको निवार्चन गरी नियुक्ति गर्ने सम्बन्धमा ।

(५) बिविध ।

**ख) बिशेष प्रस्तावहरु:**

१. यस वित्तीय संस्था लिमिटेड, जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड, कटहरी मोरङ्ग र युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड, कोहलपुर बाँके बीच एक आपसमा गाभ्ने /गाभिने सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्युको प्रतिवेदन पारित गर्ने ।

२. तीनवटै लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्ने /गाभिने सम्बन्धमा हालसम्म गरिएको काम कारवाही, निर्णय, खर्च रकम र लेखा परीक्षकको नियुक्ति तथा पारिश्रमिक अनुमोदन गर्ने ।

३. तीनवटै लघुवित्त वित्तीय संस्थाको सम्पत्ति, दायित्व तथा कारोवारको मूल्यांकन (Due Diligence Audit-DDA) प्रतिवेदनको आधारमा संयुक्त मर्जर समितिको सिफारिसमा सञ्चालक समितिले निर्धारण गरेको शेयर आदान प्रदान अनुपात (Share SWAP Ratio) सहित गाभ्ने गाभिने (Merger) सम्बन्धी सञ्चालक समितिको प्रस्ताव पारित गर्ने ।

४. तीनवटै लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्ने /गाभिने सम्बन्धमा तयार गरिएको अन्तिम सम्झौता पत्र र व्यवसायिक योजना तथा प्रक्षेपण (Business Plan and Projection) स्वीकृत गर्ने ।

५. तीनवटै लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्ने /गाभिने लगायतका थप कार्य सम्पन्न गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

६. विविध ।

## ५. सभाको सभापतित्व तथा उद्घाटन :

यस आ.व. २०८१/०८२ को सातौं वार्षिक साधारण सभा सञ्चालनका लागि वैधानिक रहेकोले यस सभाको सभापति तथा सञ्चालक समितिका अध्यक्ष **पद्मासना शाक्यज्युले** गर्नुभयो । साथै, अध्यक्षज्युले पानसमा दिप प्रज्वलित गरी सभाको औपचारिक उद्घाटन गर्नुभयो ।

## ६. सातौं वार्षिक साधारण सभामा प्रतिवेदन तथा प्रस्ताव प्रस्तुत :

सभाको काम कारवाही सुरु गर्ने क्रममा संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री **शोभा बज्राचार्य** ज्यु ले सम्पुर्ण उपस्थित अतिथि ज्युहरु, शेयरधनी महानुभावहरु लाई स्वागत मन्तव्य प्रस्तुत गर्नु भएको थियो । त्यसै गरी सञ्चालक समितिका तर्फबाट.अध्यक्ष श्री **पद्मासन शाक्य**ज्युले शेयरधनीहरुलाई सम्बोधन तथा स्वागत गर्दै समितिको वार्षिक प्रतिवेदन, साधारण तथा विशेष प्रस्ताव पेश गर्नुभयो । उहाँले लेखा परीक्षकको प्रतिवेदन सहितको २०८२ असार मसान्तको वासलात, नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धीत अनुसूचीहरु साधारण सभा समक्ष छलफल तथा निर्णय गरी पारित गर्नको लागि प्रस्तुत गर्नुभयो । साथै संस्थाले आ.व.२०८१/०८२ मा गरेको प्रगति तथा आ.व. २०८१/८२ को योजनाको वारेमा विवरण प्रस्तुत गर्नुभयो । त्यसका साथै शेयरधनीहरुको तर्फबाट कुनै जिज्ञाशा भए व्यक्त गर्नका लागि समय प्रदान गर्नुभयो ।

## ७. सातौं साधारण सभामा उठेका जिज्ञासा तथा प्रतिउत्तर :

सर्वसाधारण शेयरधनीहरुले क्रमश: श्री गोविन्द के.सी., जगन्नाथ अचार्य, इन्द्र प्रसाद लामिछाने, भेषराज भण्डारी, चन्द्रनारायण श्रेष्ठ, सुदिप श्रेष्ठ, डा. रामजी प्रसाद पण्डित, श्री लक्षण ब.श्रेष्ठले श्री निरुतमा गुप्ताले आ-आफ्नो लिखित तथा मौखित मन्तव्य प्रस्तुत गर्नु भएको थियो, शेयरधनीहरुले राख्नु भएको जिज्ञासा र सुझावका सम्बन्धमा सभाका प्रमुख कार्यकारी अधिकृत श्री **शोभा बज्रचार्य** ज्युले संस्थाको प्रगति तथा संस्थाको बृहत्त हित हुने गरी कार्य गर्ने जवाफ दिनु भयो ।

**८. सर्बसाधारण शेयरधनीको तर्फबाट सञ्चालक समितिबाट नियुक्ती हुनु भएका साधारण सभाबाट अनुमोदन तथा सञ्चालक समिति सदस्यमा नियुक्ती सम्बन्धी काम कार्यबाहीको विवरण परिणाम, निर्विरोध चयन तथा घोषणा :**

मिति २०८२ भाद्र १० गते स्वतन्त्र सञ्चालक सदस्य श्री **कमल प्रसाद शिलवालले** घरायसी कारणले संस्थामा समय दिन नसक्ने भनी सञ्चालक सदस्यबाट राजिनामा दिनु भएकोमा मिति २०८२ भाद्र २२ गते सञ्चालक समितिको बैठकको निर्णय बमोजिम श्री **कमल प्रसाद शिलवाल** र संस्थापक शेयरधनीहरको तर्फबाट श्री सम्झना पोखरेले (आचार्य) मिति २०८१ भाद्र ३१ गते दिनु भएको राजिनामा मिति २०८१ असोज २२ संचालक समिति निर्णयबाट स्वीकृत भएको थियो ।

सर्बसाधारण शेयरधनीहरुको तर्फबाट २ जना संञ्चालकहरुको निर्वाचनको सूचना प्रकाशित गरिएको थियो । यस बार्षिक साधारण सभा २ जना सञ्चालकहरुको निर्वाचन सम्बन्धी निर्वाचन अधिकृत नियुक्ती गरी

शेयरधनीहरुको तर्फबाट श्री तारा कुमार रिजाल र श्री पदम प्रसाद घिमिरे ज्युले मात्र सञ्चालक सदस्य उमेदवारको नाम दर्ता गराउँनु भएको थियो । उक्त निर्वाचनमा कोही कसैले पनि उमेदवारको नाम दर्ता नगरिएको, दावी बिरोध कोही कसैको नभएकोले निर्वाचन अधिकृत, अधिवक्ता श्री दिपक कुमार लम्साल ज्युले सर्बसाधारण शेधरधनीहरुको तर्फबाट निर्बिरोध सञ्चालक समितिमा नियुक्ती भएको घोषणा गर्नु भयो

**९. सभाका निर्णयहरु :**

आजको बार्षिक साधारण सभामा शेयरधनी महानुभावहरुले दिनु भएको अमुल्य सुफाव, सल्लाहलाई संस्थाले उच्च प्राथमिकतामा राखि कार्यान्वयन गर्दै जाने प्रतिवद्धता व्यक्त गर्दै आजको सभामा प्रस्तुत प्रस्तावहरुलाई पारित गरिदिन अध्यक्षज्यूले अनुरोध गर्नुभयो । सबै प्रस्तावहरु सभामा उपस्थित शेयरधनीहरुको सर्वसम्मत निर्णय बाट देहाय बमोजिम पारित गरियो ।

**साधारण प्रस्तावहरुको निर्णयहरु:**

**विषयको संक्षिप्त व्यहोरा :**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेडको संचालक समितिको तर्फबाट अध्यक्ष श्री **पद्मासना शाक्य**ज्युले प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०८१/२०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरि निर्णय गर्नुपर्ने भएकाले तत्सम्वन्धमा छलफल भई निर्णय हुन बैठक समक्ष प्रस्ताव प्रस्तुत गरियो ।

**निर्णयहरु:** अध्यक्ष **पद्मासना शाक्य**ज्युले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८१/२०८२ को वार्षिक प्रतिवेदन उपर बिस्तुत छलफल भई सर्वसहमतिले पारित भयो ।

**विषयको संक्षिप्त व्यहोरा :** प्रस्ताव नं. २ उपर छलफल गर्दा आ.व. २०८१/२०८२ को लेखा परीक्षकको प्रतिवेदन सहितको संस्थाको वासलात तथा नाफा नोक्सान हिसाव सम्वन्धमा निर्णय गर्नुपर्ने भएकाले तत्सम्वन्धमा छलफल भई निर्णय हुन सम्मानित बार्षिक साधारण सभा बैठक समक्ष प्रस्ताव प्रस्तुत गरियो

**निर्णयहरु:** आ.व.२०८१/२०८२ को लेखा परीक्षकको प्रतिवेदन सहितको संस्थाको वासलात तथा नाफा नोक्सान लेखा परीक्षक श्री **एच.आर.रमाली एण्ड एसोसियट्स (H. R. Ramali & Associates)** द्वारा लेखापरिक्षण भई आएको लेखापरिक्षण प्रतिवेदन सम्मानित बार्षिक साधारण सभाबाट सर्वसहमतिले पारित भयो ।

**विषयको संक्षिप्त व्यहोरा :** प्रस्ताव नं. ३ उपर छलफल गर्दा वैक तथा वितीय संस्था सम्वन्धी ऐन २०७३ को दफा ६३ र कम्पनी ऐन २०६३ को दफा १११ अनुसार/ यस वितीय संस्थाको आ. व. २०८२/०८३ को

लेखा परीक्षक नियुक्ति गर्न, पारिश्रमिक समेत निर्धारण गरी निर्णय गर्नुपर्ने भएकाले तत्सम्वन्धमा छलफल भई निर्णय हुन बैठक समक्ष प्रस्ताव प्रस्तुत गरियो ।

निर्णयहरुः कम्पनी ऐन २०६३, बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ अनुसार संस्थाको आ.व.२०८२/०८३ लेखापरिक्षण कार्यको लागि लेखापरिक्षण समितिबाट क्रमश ३ वटा कम्पनीहरुको नाम सिफारिस भए बमोजिम (क) H.R.Ramali & Associates (ख) J.Bhandari & Associates (ग) S.Moktan & Associates मध्ये सबै भन्दा कम पारिश्रमिक श्री एच.आर.रमाली एण्ड एसोसियट्स (**H. R. Ramali & Associates)** आएको हुँदा आ.व.२०८२/०८३ को बैधानिक लेखापरिक्षण गर्न, कर परिक्षण गर्न, लङफर्म लेखापरिक्षण गर्न, कम्पनी ऐन, २०६३ को दफा ७८ को विवरण प्रमाणित गर्न समेत पारिश्रमिक मु.अ.कर समेत रु ३३९,००० (अक्षरेपि तीन लाख उन्नानचालिस हजार मात्र) प्रदान गर्ने सर्वसहमतिले पारित गरियो ।

(४) बिबिध: (क) आ. व. २०८१/०८२ को सञ्चालक समितिको बैठक भक्ता सर्वसहमतिले अनुमोदन पारित गरियो । अन्य विषय केही नभएमा सभामा प्रस्तुत गरियो । सम्मानित साधारण सभाबाट केही बिषयबस्तु नआएको जानकारी गरियो ।

## बिशेष प्रस्तावहरुका निर्णयहरुः

**निर्णय नं. १**: सञ्चालक समितिको मिति २०८२/१२/२५ गतेको बैठकको निर्णयानुसार यस वित्तीय संस्था लिमिटेड, जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड, कटहरी मोरङ्ग र युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड, कोहलपुर बाँकेबीच एक आपसमा गाभ्ने/गाभिने सम्वन्धमा मिति २०८२/१२/२८ मा प्रारम्भिक सहमति पत्रमा हस्ताक्षर गरी मिति २०८२/१२/३० मा सैद्धान्तिक सहमति स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा संयुक्त निवेदन पेश गरिएकोमा नेपाल राष्ट्र बैंकको पत्र संख्याः बै.वि.नि.वि./मर्जर/०६/०८२/८३ मिति २०८३/०२/१९ को पत्रबाट सैद्धान्तिक सहमति प्राप्त भई तीनवटै संस्थाको सम्पत्ति, दायित्व तथा कारोवारको मूल्यांकन (Due Diligence Audit-DDA) प्रतिवेदनका आधारमा शेयर स्वाप अनुपात निर्धारण गरी गाभ्ने/गाभिने सम्वन्धमा सम्पूर्ण प्रक्रिया पुरा गरी गाभ्ने/गाभिने सम्बन्धी यस साधारण सभामा सञ्चालक समितिकोतर्फबाट अध्यक्षज्यूले पेश गर्नुभएको प्रतिवेदन उपर छलफल गरी सर्वसम्मत रुपमा पारित भयो ।

**निर्णय नं. २** : सञ्चालक समितिको मिति २०८२/१२/२५ को निर्णयानुसार यस वित्तीय संस्था लिमिटेड, जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड, कटहरी मोरङ्ग र युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड, कोहलपुर बाँकेबीच एक आपसमा गाभ्ने/गाभिने सम्वन्धमा मिति २०८२/१२/२८ मा सम्पन्न

गरिएको संयुक्त मर्जर समितिले तीनवटै लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्न/गाभिनका लागि गरेको सम्पूर्ण काम कारवाही तथा निर्णयहरु, तीनवटै लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने प्रक्रियामा हालसम्म भएको खर्च रकम रु. ६६०,०००।-( छ लाख साठी हजार मात्र) र तीनवटै लघुवित्त वित्तीय संस्था लिमिटेडको सम्पत्ति, दायित्व तथा कारोवारको मूल्यांकन (Due Diligence Audit-DDA) गरी शेयर स्वाप अनुपात सहित प्रतिवेदन पेश गर्न नियुक्त मुल्याङकनकर्ता लेखा परीक्षक एन.वि.रोकाया एण्ड एसोसिएट्सको (N.B. Rokaya & Associates) नियुक्ति तथा निजलाई पारिश्रमिक वापत प्रदान गरिएको लेखा परीक्षण शुल्क र अन्य खर्च वापतको रकम रु.८,०९,८००।– का सम्बन्धमा सभामा छलफल गरी अनुमोदन गर्ने निर्णय सर्वसम्मत रुपमा पारित भयो ।

**निर्णय नं. ३** : यस मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड, जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड, कटहरी मोरङ्ग र युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड, कोहलपुर बाँकेबीच एक आपसमा गाभ्ने/गाभिने सम्वन्धमा तीनवटै वित्तीय संस्था लिमिटेडको सम्पत्ति, दायित्व तथा कारोवारको मूल्यांकन (Due Diligence Audit-DDA) गर्न नियुक्त मुल्याङकनकर्ता लेखा परीक्षक एन.वि.रोकाया एण्ड एसोसिएट्सबाट (N.B. Rokaya & Associates) प्राप्त प्रतिवेदनका आधारमा गणना गरिएको शेयर स्वाप अनुपातलाई बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ को विनियम ९ को खण्ड 'क' मा भएको व्यवस्था बमोजिम Due Diligence Audit प्रतिवेदनमा उल्लिखित खुद सम्पत्तिको बढीमा १० प्रतिशतले आधार नेटवर्थ (Base Net Worth) मा थपघट गरी गणना गर्न सक्ने व्यबस्था भए बमोजिम संयुक्त मर्जर समितिको निर्णयानुसार यस लघुवित्त वित्तीय संस्था लिमिटेड र युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको खुद सम्पत्तिमा क्रमश: ९.९० प्रतिशत र ९.५७८ प्रतिशतले हुने रकम थप गरी समायोजित खुद आधार नेटवर्थ गणना गरेर सोको आधारमा सिफारिस गरिएको जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड, युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र यस लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर आदान प्रदान अनुपात (Share SWAP Ratio) क्रमश: १:१:०.८१ लाई सञ्चालक समितिले निर्णय गरी पेश गरेकोमा यस साधारण सभामा छलफल गरी प्रस्तावित शेयर आदान प्रदान अनुपात (Share SWAP Ratio) सहित मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड, मोरङ्गमा गाभिने (Merger) सम्बन्धी सञ्चालक समितिको प्रस्ताव पारित गर्ने निर्णय सर्वसम्मत रुपमा पारित भयो ।

**निर्णय नं. ४** : नेपाल राष्ट्र बैंकबाट गाभ्न गाभिनका लागि सैद्धान्ति सहमति तथा यस मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड, जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड र युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको सम्पत्ति, दायित्व तथा कारोवारको मूल्यांकन (Due Diligence Audit-DDA) प्रतिवेदन

एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ को विनियम ११ मा भएको व्यवस्था समावेश गरी संयुक्त मर्जर समितिले तयार गरी सञ्चालक समितिमा सिफारिस गरेको अन्तिम सम्झौता र व्यवसायिक योजना तथा प्रक्षेपण (Business Plan and Projection) लाई सञ्चालक समितिले निर्णय गरी सभामा पेश गरेकोमा यस साधारण सभाले अन्तिम सम्झौता र व्यवसायिक योजना तथा प्रक्षेपण (Business Plan and Projection) प्रस्ताव पारित गर्ने निर्णय सर्वसम्मत रुपमा पारित भयो ।

**निर्णय नं. ५ :** यस मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड, जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड, कटहरी मोरङ्ग र युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड, कोहलपुर बाँकेवीच एक आपसमा गाभ्ने/गाभिने सम्बन्धमा नेपाल राष्ट्र बैक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड तथा अन्य नियमकारी निकायहरुबाट प्रबन्धपत्र, अन्तिम सम्झौता पत्र र व्यवसायिक योजना तथा प्रक्षेपण लगायत अन्य कुनै बिषयमा थपघट, संशोधन एवं परिमार्जन गर्न निर्देशन भएमा सो समेत समावेश गरी संशोधन एवं परिमार्जन गर्ने लगायतका अन्य कार्य तथा गाभ्ने/गाभिने सम्बन्धी सम्पुर्ण प्रक्रिया पुरा गरी एकीकृत कारोवार गर्ने अघिल्लो दिनसम्म हुने खर्च रकम स्वीकृत गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय सर्वसम्मत रुपमा पारित भयो ।

(४) **विविध :** यस विविध शिर्षक अन्तर्गतको प्रस्तावमा छलफल गरिरहनु पर्ने अन्य विषय नभएको जानकारी गराउँदछु ।

**(१०) धन्यवाद ज्ञापन कार्यक्रम** संस्थाको उद्देश्य प्राप्तिको लागि प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु भई संस्था प्रति सदैव विश्वास र सद्भाव राख्नु हुने शेयरधनी महानुभावहरु, ग्राहकवर्ग, लेखापरीक्षक, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सजेन्ज, सिडियस एण्ड क्लियरिङ्ग लि., नेपाल एस.बि.आई. मर्चेन्ट बैकिङ्ग लि. तथा गरिमामय यस बार्षिक साधारण सभामा उपस्थित हुन भएका सम्पुर्ण शेयरमहानुभाहरु, अतिथि ज्युहरु प्रति सञ्चालक समितिको तर्फबाट श्री **नबिना धाख्वा शाक्य**ज्यु ले हार्दिक कृतज्ञता व्यक्त गर्नु भएको थियो । साथै संस्थाका प्रमुख कार्यकारी अधिकृत तथा सम्पूर्ण कर्मचारीहरुको कर्तब्यनिष्ठता, लगनशिलता एवम् कठीन परिश्रमको सराहना गर्दै धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

**(११) सातौं बार्षिक साधारण सभा समापनः** यस सभामा प्रस्तुत गरिएका प्रस्तावहरु यस सभामा सक्रिय छलफलबाट पारित भैसकेको हुनाले, अन्तमा यस सभालाई उपस्थित शेयरधनी महानुभावहरुले सारगर्भित रुपमा सम्पन्न गरिदिनु भएकोमा यहाँहरु प्रति धन्यवाद दिदै सभाका सभापतिज्युको आज्ञाले

सञ्चालक श्री नबिना धाख्वा शाक्य ज्युले उपस्थित सबैलाई धन्यवाद दिदै आ.व. २०८१/०८२ को सातौं वार्षिक साधारण सभाको बैठक समापन भएको घोषणा गर्नुभयो ।